# सबल नेपाल र सर्च फर कमन ग्राउण्डको साझेदारीमा संचालित

## सुरक्षा र न्यायमा पहुँच परियोजना

रेडियो स्टेशनसँग साझेदारीका शर्तहरु :

१. साझेदारीका उद्देस्यहरु :

क. सुरक्षा र न्यायमा सिमान्तकृत समूदाय तथा महिलाहरुको पहुँच अभिवृद्दि गर्ने ।

ख. नागरिकका सेवा, सुविधा, प्रक्रिया र आधारभूत अधिकारबारे सुसुचित गर्ने ।

ग. राज्यका निकाय (प्रहरी, अदालत, सरकारी कार्यालय तथा स्थानिय सरकारका संरचनाहरु) र सर्वसाधारण नागरिकवीच सम्बन्ध सुधार र सहकार्यको प्रवर्धन गर्ने ।

घ. स्थानिय तहको सरकारी निर्णय प्रक्रियामा सिमान्तकृत समूदाय तथा महिलाहरुको सहभागिता र पहुँच अभिवृद्दि गर्ने ।

ङ. नेतृत्व र नागरिकवीच संवादको प्रवर्धन गर्ने ।

च. शान्ति निर्माण र द्वन्द्व रुपान्तरणका लागि स्थानिय स्तरमा भएका राम्रा अभ्यासहरुको प्रवर्धन र सबलीकरण गर्ने ।

छ. युवा र महिला नेतृत्वको प्रवर्धनका लागि योगदान पुर्‍याउने ।

२. साझेदारी अन्तर्गत रेडियो स्टेशनले गर्नुपर्ने कार्यहरु :

यस परियोजना अन्तर्गत रेडियो स्टेशनले कुनै एउटा मात्र कार्यकम उत्पादन गर्ने नभई, बहु (कार्यक्रम पद्दती -Multi-Programming Approach) अनुसार लक्षित समूदायमा सुरक्षा र न्याय सम्बन्धि जनचेतना जगाउन विभिन्न नयाँ तथा विध्यमान संरचनामा कार्यक्रम निर्माण गरी प्रसारण गर्नुपर्नेछ । उक्त पद्दती बमोजिम रेडियो स्टेशनहरुले देहाय बमोजिमका कार्य गर्नुपर्नेछ ।

२.१ मानव संसाधन तथा प्रशासनिक

क. रेडियो स्टेशनले आफ्ना कार्यक्रम निर्मातामध्येबाट एकजनालाई पहुँच परियोजनाका लागि ‘कार्यक्रम संयोजक’ नियुक्त गर्नेछ ।

ख. एकपटक नियुक्त भएको ‘कार्यक्रम संयोजक’ हेरफेर गर्नुपर्ने अवस्था आएमा रेडियो स्टेशनले मनासिव कारण देखाई साझेदार संस्थासँग प्रस्ताव गर्नुपर्नेछ । रेडियोको प्रस्ताव बमोजिम पुरानै प्रक्रिया अनुसार नयाँ कार्यक्रम संयोजकको छनौट हुनेछ । (कार्यक्रम संयोजकको योग्यता, क्षमता र जिम्मेवारीका लागि खण्ड ७ हेर्नुहोला)

२.२ तयारी, छलफल र परामर्श र सहकार्य :

क. नागरिक (प्रहरी साझेदारीलाई प्रवर्धन गर्न, प्रहरीको सेवामा सुधार ल्याउन तथा थप उत्तरदायी बनाउनका लागि स्थानिय प्रहरी कार्यालयसँग परामर्ष तथा छलफल गरी रेडियो सामग्रि उत्पादन तथा प्रसारण गर्ने ।

ख. यस परियोजनाका साझेदार संस्थाहरु विशेष गरी कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र ( सेलर्ड), मानव अधिकार तथा सामूदायिक विकास प्रतिष्ठान नेपाल (हुकोडन) तथा नेपाल प्रहरीका स्थानिय प्रतिनिधि तथा तथा मूख्य सरोकारवालाहरु सम्मिलित सल्लाहकार समितिको बैठकमा सुरक्षा र न्यायका विषयमा मासिकरुपमा छलफल गर्ने र उक्त छलफलबाट आएका कुराहरुलाई रेडियो कार्यक्रम निर्माणमा समावेश गर्ने ।

ग. स्थानिय स्तरमा सुरक्षा र न्यायको क्षेत्रमा रहेका विषयबस्तुको अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने तथा लक्षित समूदायको आवस्यकता पहिचान गरी सोहि बमोजिम रेडियो सामग्रि उत्पादन तथा प्रसारण गर्ने ।

२.३ कार्यक्रम उत्पादन तथा प्रसारण :

क. रेडियो स्टेशनको प्रमुख समाचार बुलेटिनमा कम्तिमा साताको एक पटक सुरक्षा र न्यायमा लक्षित समूदायको पहुँच अभिवृद्धि गर्ने किसिमको समाचार सामग्रि समावेश गर्ने ।

ख. कम्तिमा साताको एक पटक सुरक्षा र न्यायको विषयमा एउटा रेडियो रिपोर्ट निर्माण गरी प्रमुख समाचार बुलेटिनमा प्रसारण गर्ने । उक्त रेडियो रिपोर्ट निर्माण गर्नुअघि सर्चसँग छलफल गर्नुपर्नेछ र प्रसारण गर्ने दिन भन्दा ४ दिन अघि सर्च फर कमन ग्राउण्डद्वारा तोकिएको वेबसाईटमा अपलोड गर्नुपर्नेछ । सर्च फर कमन ग्राउण्डले २ दिनभित्र रिपोर्ट चेक गरी प्रसारणका लागि अनुमती दिएपछि मात्र रिपोर्ट प्रसारण गर्नुपर्नेछ ।

ग. सुरक्षा र न्याय सम्बन्धि विध्यमान कानुनी प्रावधानहरुबारे लक्षित समुदायमा जनचेतना जगाउन सम्झौता अवधीभित्र ६ वटा सुचनामूलक सन्देशहरु (PSAs) स्थानिय भाषामा उत्पादन गरी हरेक PSA कम्तिमा दिनको पाँच पटक एक महिनासम्म प्रसारण गर्ने ।

घ. सम्झौता अवधीभित्र सुरक्षा र न्याय सम्बन्धि ३ वटा रेडियो टेस्टिमोनी (Radio Testimony) उत्पादन गरी हरेक रेडियो टेस्टिमोनी कम्तिमा दिनको ३ पटक (विहान, दिउसो र बेलुका) १५ दिनसम्म प्रसारण गर्ने ।

ङ. समसामयीक राजनीतिक तथा सामाजिक विषयवस्तुमा रेडियो स्टेशनबाट उत्पादन हुने लोकप्रिय अन्तर्वार्ताको कार्यक्रममा कम्तिमा हप्ताको एक पटक सुरक्षा र न्याय सम्बन्धि विषयवस्तुमा छलफल चलाउने । उक्त अन्तर्वार्ता रेकर्ड गरी प्रसारण गर्ने दिन भन्दा ४ दिन

अघि सर्च फर कमन ग्राउण्डद्वारा तोकिएको ईमेल वा वेबसाईटमा पठाउनु पर्नेछ । सर्च फर कमन ग्राउण्डले २ दिनभित्र अन्तर्वार्ताको रेकर्ड सुनेर प्रसारणका लागि अनुमती दिएपछि मात्र प्रसारण गर्नुपर्नेछ ।

च. रेडियो स्टेशनका अन्य लोकप्रिय र प्रभावकारी कार्यक्रमहरुमध्ये समाचार र अन्तर्वार्ता बाहेक कम्तिमा ३ वटा कार्यक्रमको सुची तयार गरी उक्त प्रत्येक कार्यक्रमहरुमा कम्तिमा हप्ताको एक पटक सुरक्षा र न्याय सम्बन्धि विषयवस्तुबारे छलफल वा चर्चा गर्ने ।

छ. रेडियो रिपोर्ट, अन्तर्वार्ता, सुचनामूलक सन्देशहरु (एक्ब्क) र रेडियो टेस्टिमोनी प्रसारणका बेला तथा सर्चसँगको समभ्रदारीमा छनौट भएका अन्य ३ वटा लोकप्रिय कार्यक्रममा सुरक्षा र न्याय सम्बन्धि विषयवस्तुमा चर्चा गर्दा सर्चले तयार पारेको पहुँच परियोजनाको अडियो प्रोमो अनिवार्यरुपले प्रसारण गर्नुपर्नेछ ।

ज. पहुँच परियोजना अन्तर्गत सर्चले निर्माण गरेको परियोजनाको गीत प्रसारण गर्ने ।

झ. सुरक्षा र न्यायमा सिमान्तकृत समुदायको पहुँच बृद्धि गर्ने उद्देस्यसहित सर्चले निर्माण गरेका विशेष किसिमका जनहितमा जारी सन्देशहरु (एक्ब्क) आवस्यकता अनुसार प्रसारण गर्ने ।

ञ. रेडियो रिपोर्ट, अन्तर्वार्ता, सुचनामूलक सन्देशहरु (PSAs) र रेडियो टेस्टिमोनी उत्पादन गर्नुअघि वेबसाईटमा तोकिएको मुद्दा फारम (Issue Form) अनिवार्य भर्नुपर्नेछ । उक्त प्रस्तावित मुद्दा वा विषय स्विकृत भएपछि मात्र कार्यक्रम उत्पादन गरिनेछ ।

ट. पहुँच परियोजना अन्तर्गत उत्पादन भएका सामग्रिहरु (रेकर्ड गरिएका कार्यक्रम वा स्क्रिप्ट) प्रसारण गर्नुअघि सर्चको स्विकृति लिनुपर्नेछ । सर्च, रेडियोको ब्यवसायिक र सम्पादकिय स्वतन्त्रताको पूर्ण सम्मान गर्दै आफ्ना परियोजना अन्तर्गत उत्पादन भएका सामग्रिहरुको संवेदनशिलता र गुणस्तर सुनिश्चित गर्न प्रतिबद्ध छ । यस प्रावधानको प्रयोजन रेडियोको सम्पादकिय स्वतन्त्रतामा हस्तक्षेप गर्नु नभई सामग्रिको संवेदनशिलता र गुणस्तरको सुनिश्चितता गर्नु हो ।

**३. साझेदारी अन्तर्गत सर्चले गर्ने प्राविधिक सहयोग**

क. पहुँच परियोजनाका लागि प्रस्तावित 'कार्यक्रम संयोजक'को छनौट गर्न रेडियो स्टेशनलाई सहयोग गर्ने ।

ख. छनौट भएका कार्यक्रम संयोजकलाई पहुँच परियोजनाबारे आवस्यक प्रशिक्षण तथा कार्यक्रम उत्पादन र विषयवस्तु छनौटबारे प्राविधिक सहयोग गर्ने ।

ग. कार्यक्रम उत्पादनमा रेडियो स्टेशनका लागि आवस्यक क्षमता र सिप विकास गर्ने ।

घ. यस परियोजनाका साझेदार संस्थाहरु, विशेष गरी कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड), मानव अधिकार तथा सामूदायिक विकास प्रतिष्ठान नेपाल (हुकोडन) तथा नेपाल प्रहरीका स्थानिय प्रतिनिधि तथा स्थानिय साझेदार संस्थाहरु सम्मिलित सल्लाहकार समिति गठन गर्न र बैठक बोलाउन सहयोग गर्ने ।

ङ. रेडियोले प्रसारण गर्नु अघी पठाएका सामग्रिहरुको संवेदनशिलता र गुणस्तर सुनिश्चित गरी ३ दिन भित्र आवस्यक सुझाव, सल्लाह र प्रतिक्रिया दिने ।

च. रेडियो स्टेशनको भुमीका, कार्यक्रम निर्माताको कार्य सम्पादन तथा कार्यक्रमको गुणस्तर मूल्याङ्कन गर्ने ।

छ. रेडियोबाट प्रशारित सुरक्षा तथा न्याय सम्बन्धी सन्देशहरुको प्रभावकारिकताको अनुगमन तथा लेखाजोखा गर्नका लागि आवश्यक प्राविधिक सहयोग गर्ने ।

**४. साझेदारी अन्तर्गत स्थानिय साझेदार संस्था सवल नेपालको भूमिका र जिम्मेवारी**

क. रेडियो स्टेशनसँग सम्बन्धित प्रशासनिक तथा आर्थिक कार्यहरु गर्ने ।

ख. सम्झौता बमोजिम रेडियो स्टेशनलाई तोकिएको समयमा तोकिएको रकम भुक्तानी गर्ने ।

ग. सम्झौता बमोजिम रेडियो स्टेशनले गर्नुपर्ने कार्यहरुको नियमित अनुगमन गर्ने ।

घ. सल्लाहकार समितिको बैठकमा उपस्थित रहने ।

ङ. प्रशासनिक तथा आर्थिक कार्य सम्पादनमा रेडियो स्टेशनलाई आवस्यक सहयोग गर्ने ।

**५. साझेदारी अन्तर्गत दुवै (सवल र रेडियो स्टेशन)ले सर्चसँग परामर्शमा गर्नुपर्ने कार्यहरु :**

क. आपसी छलफलमा पहुँच परियोजनाका लागि प्रस्तावित कार्यक्रम निर्माताको छनौटको निर्णय गर्ने ।

ख. रेडियो स्टेशनका लोकप्रिय र प्रभावकारी कार्यक्रमहरुको छनौट गर्ने र छनौट भएका कार्यक्रमहरुमा सुरक्षा र न्याय सम्बन्धि विषयवस्तु समावेश गर्नेबारे छलफल गरी निर्णय लिने ।

ग. स्थानिय स्तरमा सुरक्षा र न्यायको क्षेत्रमा रहेका विषयबस्तुको अध्ययन र विश्लेषण गरी रेडियो सामग्रिमा समावेश गर्ने विषयवस्तुको छनौट गर्ने ।

**६. श्रोता सहभागिता र परियोजनाको प्रभाव**

क. रेडियो स्टेशनले आफ्ना कार्यक्रमहरुमा एस.एम.एस., आई भि आर, टेलिफोन लगायतका उपलब्ध प्रविधी र श्रोत (साधनको उपयोग गरी श्रोता सहभागिता र श्रोतासँगको अन्तरकृयालाई प्राथमिकतामा राख्नु पर्नेछ।

ख. रेडियो कार्यक्रम संयोजकले प्रत्येक महिना बुझाउने रिपोर्टमा श्रोता सहभागिता र श्रोतासँगको अन्तरकृयामा भएका प्रगती विवरण उल्लेख गर्नुपर्नेछ।

ग. प्रत्येक महिना परियोजनाको कार्यान्वयनले लक्षित समूदायमा ल्याएको कम्तिमा एउटा परिवर्तनको कथा वा परियोजनाको सफलताको कथा वा Case Study पठाउनु पर्नेछ।

घ. सर्चले गर्ने श्रोता सर्वेक्षण तथा प्रभाव अध्ययनका लागि रेडियो स्टेशनले सम्बन्धित जिल्लाहरुमा समन्वय तथा आवश्यक सहयोग गर्नुपर्नेछ।

## ७. कार्यक्रम संयोजकको योग्यता र जिम्मेवारी

कार्यक्रम संयोजकको योग्यता, क्षमता र जिम्मेवारी निम्न बमोजिम हुनेछ :

### ७.१ योग्यता र क्षमता

क. कुनै पनि संचार माध्यमको समाचार शाखामा कम्तिमा एक बर्ष कार्य गरेको।

ख. समसामयिक विषयमा अन्तर्वार्ता संचालन गर्नस रेडियो रिपोर्ट, पि.एस.ए.(PSA) र टेस्टिमोनि (Testimony) निर्माण गर्नस तथा समाचार लेख्न सक्ने।

ग. संयोजनकारी भूमिका निर्वाह गर्न तथा नेतृत्व लिन सक्ने।

घ. समसामयिक राजनितिक तथा सामाजिक विषयवस्तुबारे जानकार।

ङ. क्षेत्रिय, जातीय, धार्मिक, भाषिक तथा लैङ्गिक मुद्दा वा विषयमा संवेदनशिल।

च. कुनै पनि राजनीतिक दलको प्रचार प्रसारमा संलग्न नरहेको

छ. नेपाली भाषामा रिपोर्ट लेख्न सक्ने।

### ७.२ जिम्मेवारी

क. सुरक्षा र न्याय सम्बन्धि विषयवस्तु उत्पादन र प्रसारणका सम्बन्धमा पत्रकार तथा अन्य कार्यक्रम उत्पादक तथा प्रस्तोतासँग समन्वय गर्नुपर्नेछ। साथै रेडियोका कार्यक्रमहरुमा सुरक्षा र न्याय सम्बन्धि विषयवस्तु समावेश गर्नका लागि संयोजनकारी भुमिका खेल्नुपर्नेछ।

ख. रेडियो स्टेशन र सर्च फर कमन ग्राउण्डवीच सम्पर्क व्यक्तिको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ

ग. कार्यक्रम संयोजकले यस सम्झौता बमोजिम हुने हरेक गतिविधिको रिपोर्ट प्रत्येक महिना उल्लेखित संरचनामा सर्च फर कमन ग्राउण्डमा बुझाउनु पर्नेछ ।

**८. साझेदारीका मूल्य, मान्यता र कार्य पद्दती ।**

**मूल्य मान्यता :**

सर्च, सबल र रेडियो स्टेशनले निम्न मूल्य, मान्यता र कार्यपद्दती अपनाउनेछन् :

यस परियोजनाका लागि सर्चले निम्न अनुसारका मान्यता (Values) र पद्दतीहरु (Approaches) अँगाल्ने छ :

क. कुनै पनि विषय वा मुद्दामा विरोधात्मक तरिकाबाट नभई सहयोगात्मक पद्दती अपनाई निकास खोज्नेस (Away from Adversarial Approaches towards Cooperative solutions)

ख. द्वन्द संवेदनशीलता (Conflict Sensitivity)

ग. समावेशीता र समानुपातिक प्रतिनिधित्वको प्रवर्धन (Inclusion and Promoting Proportionate Representation)

घ. सहकार्य (Collaboration)

ङ. निश्पक्षता (Impartiality)

च. विवाद होईन, संवाद (Dialogue, not Debate)

छ. लैङ्गीक संवेदनशिलता र मूलप्रवाहिकरण (Gender Sensitive and Mainstreaming)

ज. कुनै पनि किसिमका भेदभावका लागि शून्य सहनशिलता (Zero Tolerance for all kinds of discrimination)

झ. सुशासनको प्रवर्धन (Promoting Governance)

ञ. जातीय तथा धार्मिक सद्भावको प्रवर्धन (Promoting Ethnic and religious Harmony)

ट. कानुनी शासनको पूर्ण पालना (Following Rule of Law)

**अनुगमन प्रक्रिया :**

क. परियोजनाको प्रभाव, योजना तथा समस्याहरुबारे छलफलका लागि मासिकरुपमा सर्चले आयोजना गर्ने बैठकमा सहभागि हुने ।

ख. परियोजनाको प्रगती र खर्च तथा योजना र बजेटबारे पूनरावलोकन गर्न सर्चले त्रैमासिकरुपमा आयोजना गर्ने कार्यकारी समितिको बैठकमा सहभागि हुने

ग. परियोजना कार्यान्वयनको दौरानमा भएका सिकाई आदान प्रदान तथा एक आपसमा सहकार्यका लागि क्षेत्रिय स्तरमा पहूँचका साझेदार संस्थाहरुको त्रैमासिक बैठकमा सहभागि हुने

घ. जिल्लामा अर्धबार्षिक रुपमा हुने जिल्ला परियोजना सल्लाहकार समिति (District Project Advisory Committee(DPAC) को बैठकमा सहभागि हुने ।

९. सम्झौता रद्द गर्न सकिने अवस्था :

यो सम्झौताको साझेदारवीच भएको यो सम्झौता बमोजिम कार्य भए नभएको बारे नियमित मूल्याङ्कनका दौरान निम्न अवस्था आएमा सम्झौता रद्द गरी यस परियोजना अन्तर्गत उपलब्ध गराईएको वा खरिद गरिएको समाग्री समेत फिर्ता गरिनेछ ।

क. यस सम्झौता र शर्तहरु विपरित कुनै पनि कार्य भएमा ।

ख. कार्यक्रमको गुणस्तरमा निरन्तर कमी आएमा ।

ग. साझेदारीका मूल्य, मान्यता र पद्दती विपरित कार्य भएमा (खण्ड ८ हेर्नुहोला)

घ. आर्थिक अनियमितता देखिएमा

ङ. Conflict या Interest भएमा

च. कार्यक्रम र बजेटमा दोहोरोपना देखिएमा

छ. तोकिएको समयसिमाभित्र तोकिएका कार्य नभएमा

**१०. सम्झौताको अवधि**

सम्झौताको समयावधि मार्च १५, २०१८ देखि अगस्ट ३१, २०१८ सम्मको हुनेछ ।

**११.भुक्तानिकोप्रकृया**

कार्यक्रमका लागि छुट्याईएको बजेट चार किस्तामा भुक्तानी गरिनेछ । पहिलो किस्ता २५% काम सम्पन्न भए पछि, दोस्रो किस्ता ५०% काम सप्पन्न भए पछि, तेस्रो किस्ता ७५% काम सम्पन्न भए पछि र अन्तिम किस्ता सम्पूर्ण काम सम्पन्न भए पछि भुत्तानी गरिनेछ ।

**१२. सम्झौता अनुसार रेडियो स्टेशनले उत्पादन गरी बुझाउनु पर्ने सामग्रीहरु :**

| क्र.सं. | सामग्रिहरु | सामग्रिको प्रकार | जम्मा संख्या | समयावधि अनुसार बुझाउनु पर्ने संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अप्रिल, २०१८ | मे २०१८ | जुन २०१८ | अगस्ट २०१८ |
| १ | रेडियो रिपोर्ट | अडियो | ४५ भाग | १२ भाग | २१ भाग | २९ भाग | ४५ भाग (कुल भाग) |
| २ | पी.एस.ए. | अडियो | ६ वटा | २ वटा | १ वटा | १ वटा | ६ वटा (कुल संख्या) |
| ३ | रेडियो टेस्टिमोनियल्स | अडियो | ३ वटा | | १ वटा | १ वटा | ३ वटा (कुल संख्या) |
| ४ | अन्तर्वार्ता | अडियो | ४५ भाग | १२ भाग | २१ भाग | २९ भाग | ४५ भाग (कुल भाग) |
| ५ | समाचार | लिखत | ४० वटा | १० वटा | १९ वटा | २७ वटा | ४० वटा (कुल संख्या) |
| ६ | मासिक प्रतिवेदन | लिखत | ६ वटा | २ वटा | ३ वटा | ४ वटा | ६ वटा (कुल संख्या) |
| ७ | अन्तिम प्रतिवेदन | लिखत | एउटा | | ( | ( | एउटा |

**अधिकतम् बजेट सिमा :**

**योग्यताको मापदण्ड र बुझाउनु पर्ने कागजपत्र र प्रमाणपत्र :**

रेडियो कार्यक्रम उत्पादन र प्रसारणका लागि प्रस्ताव बुझाउँदा रेडियो स्टेशनले निम्न कागजपत्र र प्रमाणपत्र बुझाउनु पर्नेछ ।

१. संचार मन्त्रालयले प्रदान गरेको ईजाजत पत्र र चालु आर्थिक बर्षका लागि नविकरण भएको

२. संस्थाले संचालन गरेको रेडियोको हकमा,

क) संस्था नविकरण प्रमाणपत्र,

ख) पछिल्लो आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन, र

ग) कर चुक्ता प्रमाणपत्र

३. कम्पनिले संचालन गरेको रेडियोको हकमा,

क) कम्पनि दर्ताको प्रमाणपत्र,

ख) मूल्य अभिवृदि कर (VAT)मा दर्ता भएको प्रमाणपत्र,

ग) पछिल्लो आर्थिक बर्षको कम्पनिको लेखा परिक्षण प्रतिवेदन र

घ) कर चुक्ता प्रमाणपत्र

**प्रस्ताव मूल्याङ्नको मापदण्ड :**

| क.सं. | सूचक | सूचकको विवरण | अंक | कैफियत |
|---|---|---|---|---|
| १. | रेडियोको लोकप्रीयता | जिल्लामा रेडियोको ब्राण्ड केकति लोकप्रीय छ, श्रोता सर्वेक्षणको स्थिति कस्तो छ, विगतमा आफैले वा कुनै संस्थाद्धारा यस सम्बन्धमा केही सर्वेक्षणहरु गरिएका छन् भने सो कुरा पनि उल्लेख गर्न सकिने । | २० | |
| २. | रेडियो कार्यक्रम उत्पादन क्षमता | विगतमा गरिएका उत्पादनहरुको गुणस्तर, कार्यक्रम उत्पादन गर्ने दक्ष मानव स्रोत विस्तृत विवरण जिम्मेवारी सहितको, भौतिक पूर्वाधार तथा उपकरणहरु, आदि । | २५ | |
| ३. | समुदायमा आधारित कार्यक्रम | समुदाय विशेष गरी सिमान्कृत समुदाय तथा महिलाहरुलाई | १५ | |

| | | | | |
|---|---|---|---|---|
| | | लक्षित गरि गरिएका वा भई रहेका उत्पादनहरु, यस्ता कार्यक्रमहरुका लागि विगतमा विभिन्न संस्थाहरुसँग गरिएका साझेदारीहरुको विवरण, समुदाय केन्द्रीत कार्यक्रमका केही उदाहरणहरु, आदि । | | |
| ४. | उत्पादन क्षमता र भौगोलिक पहुँच | रेडियोको वाट, भौगोलिक रुपमा कुन कुन क्षेत्रहरुमा सुनिन्छ, पहुँचको सबै कार्यक्षेत्रमा सुनिन्छ वा सुनिदैन, आदि । | २५ | सप्तरीमा सुरंगा, डाक्नेश्वी, महादेवा र राजविराज यस गरियोजनाको कार्यक्षेत्रको रुपमा रहेको छ । |
| ५. | बजेट | कार्यक्रम उत्पादन तथा प्रशासनका लागि प्रस्तावित दर रेट । यस अन्तर्गत माथिका ४ वटा मापदण्ड पुरा गर्दै न्यूनतम दर रेट प्रस्ताव गरेको आधारमा अंक दिइनेछ । | १५ | |

नोटः माथि उल्लेख गरिएका मापदण्डहरुको आधारमा रेडियो स्टेशनहरुले प्रस्ताव पेश गर्नुपर्नेछ । उल्लेखित मापदण्डहरुको आधारमा ७० प्रतिशत अंक प्राप्त गर्ने रेडियो स्टेसनहरुलाई दोस्रो चरणको छनौट प्रकृया अन्तर्गत अगाडि बढाइनेछ । दास्रो चरणको छनौटको क्रममा छनौट समितिले रेडियो स्टेसनहरुको स्थलगत भ्रमण गरि प्रस्तावमा पेश गरिएका तथ्यहरुको मुल्यांकन गरी अन्तिम निर्णय गर्नेछ । छनौट प्रकृया सम्बन्धी अन्तिम अधिकार संस्थामा निहित रहनेछ र संस्थाले आवश्यक ठाने छनौट सम्बन्धी सबै प्रकृयाहरु कुनै पनि बेला रद्द गर्न सक्नेछ ।